वर्ष २० | अंक ३५१ | नेपाल संवत् ११४२ | २०७९ भदौ २८ गते मंगलबार | 13 Sept. 2022 | पृष्ठ ४ | मूल्य रु. १०






एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक









## चीनसँग अन्तरसंसदीय सहयोग सम्झौता

**समाधान संवाददाता**
काठमाडौं, २७ भदौ

नेपाल र चीनबीच अन्तरसंसदीय सहयोगसम्बन्धी सम्झौता भएको छ । सोमबार काठमाडौं आइपुगेको चिनियाँ प्रतिनिधिमण्डल र नेपाली प्रतिनिधिमण्डलबीच सिंहदरबारमा भएको वार्तामा सहमति भएपछि सम्झौतामा हस्ताक्षर भएको हो ।

वार्तामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सभामुख अग्नि सापकोटले गरेका थिए भने चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व चिनियाँ जनकंग्रेस स्थायी समितिका अध्यक्ष ली चान्शुले गरेका थिए । सम्झौतापत्रमा सभामुख सापकोटा र अध्यक्ष लीले हस्ताक्षर गरेका छन् ।

६ बुँदे सम्झौतापत्रमा दुई देशबीच आपसी सहयोग अभिवृद्धि गर्ने, अन्तरसंसदीय सम्बन्ध विस्तार गर्ने, उच्चस्तरीय भ्रमण आदानप्रदान गर्नेलगायतका विषय छ ।

चिनियाँ जनकंग्रेस स्थायी समितिका अध्यक्ष ली चार दिने भ्रमणका लागि सोमबार काठमाडौं आएका छन् । ६७ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै काठमाडौंका आएका उनले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गर्ने कार्यक्रम छ ।

# कास्कीमा थपिए ३७,८४९ मतदाता

## असार १ गतेपछि मात्रै ११ हजार ३ सय ६१ नयाँ मतदाता

**सञ्जय रानाभाट**
पोखरा, २७ भदौ

आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव नजिकिएसँगै राजनीतिक माहोल तातेको छ । नेता, कार्यकर्ता टिकट पाउने दौडधुपमा लागेका छन् । निर्वाचन जित्ने समीकरणको खोजी गर्दै दलहरु तीव्र दौडधुपमा देखिन्छन् । वडादेखि प्रदेशका मन्त्री मुख्यमन्त्रीहरु उम्मेदवार बन्न नाम टिपाएका छन् ।

निर्वाचन क्षेत्र सीमित भए पनि आकांक्षी बढी हुँदा उम्मेदवार टुंगाउन केन्द्रीय नेताहरुलाई कठिनाइ देखिएको छ । स्थानीय तहको चुनावमा स्वतन्त्र उम्मेदवारहरुले जिते पछि स्वतन्त्रहरुले उम्मेदवारी दिने क्रम पनि बढ्दो छ । थपिएका नयाँ मतदाता अबको प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचनमा ‘गेम चेन्जर’ बन्न सक्छन् ।

कास्कीमा २०७४ मंसिरको निर्वाचनभन्दा अहिले ३७ हजार ८ सय ४९ जना नयाँ मतदाता थपिएका छन् । यो अपरिस्कृत तथ्यांक हो । अघिल्लो निर्वाचनमा कास्कीमा २ लाख ५५ हजार ४ सय ५२ मतदाता थिए । यति बेला कास्कीमा २ लाख ९३ हजार ३ सय १ मतदाता पुगेका छन् । दाबी विरोधपछि परिस्कृत गर्दा यो अंक थोरैमात्र तलमाथि हुन भने सक्छ । यो मतदाता संख्या बाहिरी जिल्लामा दर्ता भएर थप हुन आउने, दाबी विरोधको समयमा मृत्यु भएको तथा दोहोरो तथ्यांक हटाउने लगायत काम गर्नुअघिको तथ्यांक भएको निर्वाचन आयोग गण्डकी प्रदेशका प्रमुख हुमनाथ अधिकारीले बताए ।

२०७९ वैशाख ३० गते भएको स्थानीय तहको चुनावमा कास्कीमा २ लाख ८१ हजार ९ सय ४० मतदाता थिए । असार १ गतेदेखि सुरु भएको मतदाता नामावली संकलन प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको मिति घोषणाको दिनसम्म ११ हजार ३ सय ६१ नयाँ मतदाता थपिएको निर्वाचन कार्यालय कास्कीका सूचना अधिकारी रुद्र न्यौपानेले बताए ।

**कास्कीमा २ लाख ९३ हजार ३ सय १ मतदाता पुगे**

थपिएका मतदाता कास्कीका जनप्रतिनिधि चुन्न निर्णायक हुन सक्छन् । चुनावमा भर्खर बनेका नयाँ दल, स्वतन्त्र उम्मेदवारहरु छानिन सक्ने सम्भावना उत्तिकै छ । कास्कीमा प्रतिनिधि सभाका ३ र प्रदेश सभाका ६ निर्वाचन क्षेत्र छन् । १ महानगरपालिका र ४ वटा गाउँपालिका छन् । कास्कीका अन्नपूर्ण, माछापुच्छ्रे, मादी र रुपा गाउँपालिका तथा पोखरा महानगरपालिकामा गरी ७२ वडा छन् । आउँदो निर्वाचनमा कास्कीमा १ सय ५१ मतदानस्थल हुने निर्वाचन कार्यालय गण्डकीका प्रमुख पराजुलीले बताए । मतदाता संख्याका आधारमा मतदान केन्द्रको तय गरिने छ । गत स्थानीय चुनावमा कास्कीमा ३ सय ३६ वटा मतदान केन्द्र थिए ।

०७४ सालको चुनावमा कास्कीमा ३ प्रतिनिधिसभामध्ये एमाले उम्मेदवार तीनै ठाउँमा विजयी भएका थिए । त्यति बेला एमाले-माओवादी वाम गठबन्धन बनाएर चुनावी मैदानमा थिए । गण्डकी प्रदेश सभाका ६ मध्ये एमालेले ३, माओवादीले २ र कांग्रेसले १ निर्वाचन क्षेत्रमा जितेका थिए । तर, अहिले विगतको आँकडालाई आधार मानेर विश्लेषण गर्नु हतार हुन सक्छ । कास्कीमा प्रत्यक्षतर्फ प्रतिनिधिसभाका लागि ३ सिट र प्रदेश सभामा ६ जना सिट छन् ।

०७४ सालको निर्वाचनभन्दा अहिले परिस्थिति परिवर्तन भएको छ । एमालेबाहेक पाँचदलीय गठबन्धन बनेको छ । उनीहरु संयुक्त मोर्चा बनाएर चुनावमा जाने तयारीमा छन् । पार्टी र स्वतन्त्रबाट उम्मेदवारी दिने आकांक्षी बढ्दै जाँदा अहिले नै कुन पार्टी, उम्मेदवारले जित्छन् भन्ने आँकलन गर्न हतार हुन्छ ।

### कुन क्षेत्रमा कति मतदाता

| निर्वाचन क्षेत्र | पुरुष | महिला | अन्य | ०७४ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र | ०७९ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र | ०७४ प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र | ०७९ प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ (क) | २७८५८ | ३१०७७ | १ | ५०२८९ | ५८९३६ | ९६०८४ | १११४५७ |
| १ (ख) | २५१३२ | २७३८९ | | ४५७९५ | ५२५२१ | | |
| २ (क) | १९७८८ | २२७४२ | | ३७६४३ | ४२५३० | ७०६५१ | ७९५३५ |
| २ (ख) | १७४५१ | १९५५३ | १ | ३३००८ | ३७००५ | | |
| ३ (क) | २५५५५ | २७६१३ | १ | ४६२५२ | ५३१६९ | ८८७१७ | १०२३०९ |
| ३ (ख) | २३९९८ | २५१४१ | १ | ३३००८ | ४९१४० | | |
| जम्मा | १३९७८२ | १५३५१५ | ४ | २५५४५२ | २९३३०१ | २५५४५२ | २९३३०९ |

अद्यावधिक कार्यक्रम पश्चात मतदाता संख्या फरक पर्न सक्छ ।




## सम्पादकीय

# मतभिन्नता बढाएर ऐन रोक्ने काम नगरौं

अध्यादेश मार्फत ल्याउन लागेको गण्डकी प्रदेश निजामति सेवा ऐन ल्याउन लागेको छ । सो ऐन ल्याउनको लागि दबाव दिन निजामति कर्मचारीहरुले ज्ञापनपत्र बुझाउने धर्ना बिरोधका कामलाई समेत जारी राखेको थिए । गण्डकी प्रदेश सभाको नियमित अधिवेशनबाट पारित नहुने देखिएपछि प्रदेश सरकारले अध्यादेश मार्फत विधेयक ल्याउने बाचा गरेको छ । प्रस्तावित विधेयकको बारेमा समायोजन ऐन २०७५ अनुसार स्थानीय तहका आएका कर्मचारीले बढी असन्तुष्टि जाहेर गरेका छन् । त्यतिमात्र नभएर विधेयकको बारेमा समायोजन भएर प्रदेश तथा स्थानीय तहमा आएका कर्मचारी बीच मत बाझिएको अवस्था छ ।

खास गरी स्थानीय तहका कर्मचारीले प्रदेश सरकारले आफुहरुलाई बढुवामा उम्मेद्वारी दिन रोक लगाउने गरी विधेयकको मस्यौदा तयार पारेको मात्र होइन, अहिले प्रदेशका सीमित कर्मचारीको स्वार्थमा आफूहरुलाई विभेद गरिएको सम्मको आरोप लगाउन पछि परेका छैनन । सिमित कर्मचारीको चलखेलमा सिमित कर्मचारीलाई बढुवा गर्ने उद्देश्यले विधेयक ल्याउन लागेको उनीहरुको गम्भिर आरोप छ । स्थानीय तहका कर्मचारीले प्रदेशमा आएका सीमित कर्मचारीलाई मात्रै हेरेर छुट्टै कानुन बनाउन लागेको भन्दै आएका छन् । जसको कारण समायोजन भएर आएका दुबै तहका कर्मचारी बीच टकरावको अवस्था सिर्जना भयो । जुन आम निजामति कर्मचारीको हितमा छैन ।

नेपाल निजामती सेवा ऐन २०४९ अनुरुप कार्यरत कर्मचारीहरु समायोजन ऐन २०७५ अन्तर्गत प्रदेश र स्थानीय तहमा आएका थिए । दुबै तहका कर्मचारी एकै समायोजन ऐनबाट आएको भएता पनि संघीय तथा गण्डकी प्रदेश निजामति सेवा ऐन नबन्दा प्रदेश तथा स्थानीय तहा समायोजन भएर आएका कर्मचारीको वृत्ति विकास र बढुवामा बढी असर परेको छ । दुबै तहका कर्मचारीको समस्या साझा छन् । अहिलेको अवस्थामा प्रदेश तथा स्थानीय तहका समायोजन भएर आएका कर्मचारी संघमा जान पाउदैनन् । यस्तो अवस्थामा प्रदेश र स्थानीयतहमा समायोजन भएका कर्मचारीको अन्तर सरकार सरुवा हुन पाउने व्यवस्था गर्नु पर्ने लगायतका मागलाई अगाडी बढाउने सवालमा दुबै तहका कर्मचारीको साझा मत छ । प्रदेश र स्थानीयतहका कर्मचारीको लागि तहगत र श्रेणिगत प्रणाली एउटै कायम गर्नु पर्ने तथा स्वचालित चक्रिय प्रणालीका आधारमा सरुवा बढुवा र वृत्ति विकासको व्यवस्था गर्नु लगायतका सवालमा उनीहरु एकमत छन् । यस्तो अवस्थामा समग्र निजामति कर्मचारीको साझा ऐनलाई कर्मचारी मैत्री बनाउनको लागि साझा ढंगले लाग्नु पर्छ । तर एउटै सवाल र साझा समस्यालाई एक ठाउँमा बसेर सरकारबाट सम्बोधन गराउनु पर्नेमा एक अर्कोमा आरोप प्रत्यारोपमा जानु गलत छ । प्रस्तावित विधेयकको बारेमा कर्मचारीहरु बीच मत भिन्नताको वहानामा ऐन नआउने अवस्था आउन दिन हुदैन ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, वर्षर्तुः, नलनाम संवत्सर, श्रीशाके १९४४, सम्वत २०७९ साल भाद्र २९ गते बुधबार नेपाल सम्बत ११४२ ञलागा, सन् २०२२ सेप्टेम्बर १४ तारिक कृष्णपक्ष चतुर्थी तिथि मध्यान्ह १२ वजेर २४ मिनेटसम्म, अस्विनी नक्षत्र विहान ९ वजेर ५८ मिनेटसम्म, ध्रुवयोग, बालवकरण, आनन्दादियोग मृत्यु, सूर्य सिंह राशिमा, चन्द्रमा मेष राशीमा ।

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** पूर्वाद्ध भन्दा अपरान्ह थोरै अनुकुल,काम बन्ने ।
- **वृष** समय प्रतिकुल हुँदै समयमा काम सम्पन्न गर्नु ।
- **मिथुन** व्यापारमा सुधार, गरेका काम प्राय सफल हुने ।
- **कर्कट** मध्यान्ह पछि काममा प्रगति हुनेछ,पराक्रम बढ्ने ।
- **सिंह** समयमा सामान्य सुधार, यात्राको योग देखिन्छ ।
- **कन्या** काममा अवरोध आउने, स्वास्थ्य कमजोर बन्ने ।
- **तुला** नयाँ कामको अभ्यास हुने, पारिवारिक सहयोग ।
- **वृश्चिक** मनमा अशान्ति, कार्य सम्पादनमा कठिनाई हुने ।
- **धनु** सोचे जस्तो कहि हुने छैन, काममा विलम्ब हुने ।
- **मकर** घरयासी समस्या बढ्नेछ, मित्रजनबाट धोका हुने ।
- **कुम्भ** काम गर्ने उत्साहा बढ्नेछ,व्यापारमा सुधार आउने ।
- **मीन** आर्थिक कारोवारमा ध्यान दिनु, आफन्तबाट घात ।


सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293


# आउँदो मंसिर र नेताका शिर



मदन भण्डारी

भदौ (०७९) को पहिलो साता नेपालमा ३/४ वटा महत्वपूर्ण राजनीतिक घटना भए । १) राष्ट्रपति-सेना सँवाद २) प्रधानमन्त्री- केपी ओली सँवाद ३) प्रचण्ड-बाबुराम पुनर्मिलन र ४) वालेन डोजर प्रकरण । मङ्सिरको चुनावमा नेताले यी घटनाको परिणाम झेल्नेछन् । मूलुकको सुदूर भविष्यमा समेत यसको प्रभाव पर्नेछ । नेपाली सेना अहिले अप्ठेरो स्थिति भोग्दैछ । यो यथार्थलाई चिया होटल, चौतारी, खाजा घर वा बसमा राम्ररी थाहा पाउन सकिन्छ । रिपोटर्स क्लबदेखि रिपोटर्स क्लबसम्ममा हुने बहसमा अब कसैलाई चाख छैन । साना मान्छेहरुको जमघटमा गाँठी कुराका गाँठा फुकाइन्छ । सोझा मान्छेका चेप्टा कुरा सहीसत्य हुन्छ ।

सानो माझी बस्तीमा बसेरै अर्नेष्ट हेमिङ्वेले नोवल जित्ने उपन्यास लेखेका थिए । हाम्रै मैनालीले 'शहीद' कथा लेखेर राजनीतिक परिवर्तनमा साना रिक्सावाला समेतको ठूलो भूमिका हुन्छ भन्ने देखाएका छन् । मार्क्सवादी लेखक रमेश विकलको 'अविरल बग्दछ इन्द्रावती' यही सत्यलाई सावित गर्छ । 'पीर' मा प्रकाश सपूतले समाजिक मनोविज्ञानको राम्रो दिग्दर्शन गराए । गणतन्त्रका हर्ताकर्ता जङ्गबहादुरभन्दा धेरै घिनलाग्दा भइदिँदा नेता मात्रै होइन, उच्च ओहोदाका कसैप्रति पनि जनताको पत्यार रहेन । झेली राजनीति र बेश्यावृत्ति बाहेकका अरु पेशा गौढ भए । युवा पुस्ताको ठूलो हिस्सा चिलले चल्ला ताकेझैँ बिदेश ताक्छन् । यहाँ हेमिङ्वेको 'बूढो मान्छे र समुन्द्र' स्मरणीय छ ।

बूढो मान्छे सेन्टीएगोले बैँसमा माछा मार्ने अनेक चमत्कार गरेपनि जीवनको उत्तरार्धमा पटक्कै माछा समाउन सक्दैन । उनको सँगतका युवा मेनिलोनलाई सबैले खिस्याउँछन् । एक दिन बूढा एक्लैले समुन्द्रको बिचतिरै पुगेर ठूलो माछा जालमा पार्छ । जाल तान्दतान्दै बूढो थकित हुन्छ, अन्तिम शक्ति लगाएर माछा डुङ्गाभित्र राखेर किनारामा ल्याउँछ । अपशोच, सार्कको हुलले आक्रमण गरेर माछा खाइदिन्छ । बूढो मर्छ । पछि, थुप्रै युवाहरुले बूढाद्वारा मारिएको माछाको कंकालको नापतौल गर्छन्, छक्क पर्छन् । बूढाको आँट, जाँगर र सीपको उच्च मूल्याङ्कन हुन्छ ।

वर्तमानको नेपाली राजनीतिमा विकल्पको वीऊ जस्ता वालेन रहरलाग्दो गरी टुसाएपछि नेपालमा स्वतन्त्रको लहर चलेको छ । स्वतन्त्रको वृत्तमा युग पाठक निकै चर्चामा छन् । युग पाठक चर्चामा यसकारण चुलिए कि उनी झापामा केपी ओलीको क्षेत्रमा चुनाव लड्न तम्सिए । सत्तारुढ गठबन्धनका नेताका विपक्षमा होइन, प्रमुख प्रतिपक्षका मुख्य नेतालाई उनले प्रहारको केन्द्र बनाए । यसले साहित्यकार सत्ताबिरोधी हुने अवधारणा खण्डित हुँदैछ । प्रधानमन्त्री नरेन्द्र मोदी विश्वकै लोकप्रिय नेता मानिए पनि भारतमा मोदी बिरोधी साहित्य भरमार लेखिन्छ । हामीकहाँ चाहिँ सत्तालाई अग्रगामी देख्ने बुद्धिजीवी र साहित्यकारको एउटा झुण्ड एक्लो केपी ओलीलाई प्रतिगामी ठानेर आत्मरतिमा रमाउँदै शेरबहादुर देउवाको दौराको फेरो समाउँदैछ ।

नेपालमा अझै केही बूढाबूढीहरु स्तुत्य छन् । सत्यमोहन जोशीको देशभक्तिलाई सर्लक्क पन्छाएर उनको लामो आयु मात्रैको कुरा गरिन्छ । विपीन कोइराला, कुलबहादुर गुरुङ, मोहनविक्रम, मोहनचन्द्र, मोहन वैद्य, शास्त्रदत्त, नारायणमान, प्रकाश कोइराला, भद्रा घले वा अनुराधा आदिको एउटा फौज छ । ती राज्यद्वारा निकै अपहेलित छन् । भारतको आशिर्वादमा फेरि आलोपालो प्रधानमन्त्री हुन खोजेका छविलाल दाहाल र शेरबहादुर देउवालाई बल पुऱ्याउने युगजीको ब्यवहार युगानुकूल छैन कि ?

राष्ट्रपतिले सिधै सेनाका मान्छेसँग कुरा गरिन् । प्रबुद्ध नागरिकहरु सँग छलफल गरिन् । प्रमुख प्रतिपक्षी दलका नेताले प्रधानमन्त्रीलाई भेटेरै चुनावमा धाँदली गरिए प्रतिकारमा उत्रिने चेतावनी दिए । सके शेरबहादुरलाई थर्काउने नसके आफै थर्किने भावमा छविलाल दाहालले वाम एकताको हल्ला फिँजाए । काजमा अन्यत्रै खटिएका बाबुराम आफ्नै दरबन्दीको माओवादीमै फर्किए । काठमाण्डूका मेयरको डोजर प्रकरणले त देशविदेशका सारा नेपाली वालेन शाहको जयजयकार गरिरहेका छन् । वालेनलाई व्यँग्य गर्ने


१ वर्ष अवधि पुगेकालाई
१ महिनाको सेवा सुविधा,
१५ वर्ष पुगेकालाई १५
महिनाको सेवा सुविधा


हर्क, धम्क्याउने महेश र मीन छेपारो खाने कुखुरा जस्ता भए । छविलाल दाहाल अर्को वालेनको खोजी गर्ने भन्दैछन् । देशका अरु मेयर वालेनकै शैली सिक्न बिवश बन्दैछन् ।

माङ्गेना- युग पाठकको पठनीय पुस्तक हो । ' माङ्गेनाको दार्शनिक अर्थ हो, मान्छेको शिर झुक्नु हुँदैन (पृष्ठ १३)!' सानै चूकले मान्छेको नूर गिर्छ । वालेन र हर्क साम्पाङ्लाई माओवादी नेता भनिरहेका छन्, 'हामीले गर्न नसकेको काम तपाइँहरुले गर्नुभयो !' यहीँ एउटा भूकम्प जान्छ, के माओवादीले गर्न नसकेको हो ? होइन, छविलालले गर्नै चाहेनन् । बिदेशी प्रभुका आदेशले प्रचण्ड बाँधिए । यसैले कटुवाल काण्डमा कुलबहादुर उचालेर सेनामा भाँडभैलो मच्चाइयो । सँविधान सभाको अवसान गराएर बहालवाला प्रधानन्यायाधीशलाई प्रधानमन्त्रीको जिम्मेवारी सुम्पियो । सर्वोच्चको फैसलाद्वारा नेकपाको टुक्रोलाई देउवाको पाउमा लम्पसार पारियो । र, अहिले नागरिकता विधेयकमा सिक्किमीकरणको मार्ग अवलम्बन गरिँदैछ ।

सिक्किम विलयपछि लेण्डुप दोर्जे बिपी कोइरालासँग रोए अरे । आफ्नो काम फत्ते गरेपछि इन्दिरा गान्धीले लेण्डुप दोर्जेको अनुहारसम्म हेर्न मानिन् अरे । त्यो सुनेर बिपी कोइराला बल्ल झस्केछन्, त्यसपछि नै मेलमिलापको नीति लिएर नेपाल फर्केछन् । नेपालका लेण्डुपेहरु इतिहासबाट सिक्न पटक्कै मञ्जुर छैनन् । आफूबाट नसिक्नेलाई इतिहासले अवश्यै दण्डित गर्छ ।

केपी ओलीले प्रधानमन्त्री छँदा माछा मार्न सकेनन् । वाइडबडी, एती, एम्नीमा केपी ओली सरकार दोषी छ । क्यान्टोन्मेन्ट भ्रष्टाचारमा ओलीको बोली फुटेन । प्रमुख प्रतिपक्षी दलका नेता भएपछि चाहिँ उनले समुद्रको बिचसम्मै डुङ्गा पुऱ्याएर ठूलै माछा समाते । स्थानीय तहको गत निर्वाचनमा सत्तासीन गठबन्धनलाई पछार्नु सानो करामत होइन । यसैले बूढा सेन्टीएगोको सेन्टीमेन्टलाई समयमै युवाले समात्नुपर्छ । उमेरले होइन, विचार र व्यवहारले मान्छे बूढो र युवा हुन्छ । मङ्सिरको चुनावमा त्यो देखिएला । धेरै नेताको शिर ढल्ला । युग पाठक नेपाली साहित्यका एक मूर्धन्य नेता हुन् । आफै माङ्गेनाका लेखक हुन् । साहित्यिक फाँटको नेतृत्व छाडेर राजनीतिमा होमिएका उनी घुमाएर कान समात्दै सत्ता गठबन्धनको छहारीमनि ओत बसेका देखिन्छन् । माङ्गेनाका पाठकहरुले आफ्ना प्रिय लेखकको शिरको चिन्ता गर्नु अस्वाभाविक नहोला ।

# कुँवर समाजद्वारा मन्त्री थापा तथा जनप्रतिनिधि सम्मानित

**समाधान संवाददाता**
पोखरा, २७ भदौ



पोखरा महानगरपालिका ८ को कुँवर समाज र भवानी आमा समूहले शनिबार मन्त्री तथा वडा प्रतिनिधिलाई सम्मान गरेको छ । प्रदेशका कानुन, सञ्चार तथा प्रदेश मामिला मन्त्री बिन्दुकुमार थापा, पोखरा ८ का अध्यक्ष रुद्रप्रसाद बराल र वडा सदस्य हिराकाजी श्रेष्ठलाई स्वागत गरिएको हो ।

कुँवर समाज समितिका वरिष्ठ उपाध्यक्ष बसन्तबहादुर कुँवर र भवानी आमा समुहकी अध्यक्ष समीक्षा कुँवरले सम्मान पत्र, दोसल्ला र खादा लगाएर सम्मान गरेका थिए ।

सम्मानित भएका मन्त्री थापाले आफूलाई वडाका सबै समस्या थाहा भएको बताउँदै जनतासँगै निरन्तर सम्पर्कमा रहेको बताए । समाजका अभियान्ता पनि आफैं जागरुक बन्नुपर्ने उनको भनाइ थियो । वडाध्यक्ष रुद्रप्रसाद बरालले समाजको भवन मर्मतको लागि रकम विनियोजन भएको बताउँदै केही रकम सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमका संयोजक कृष्ण कुँवर, भवानी आमा समुहकी निवर्तमान अध्यक्ष सीता कुँवर, कुँवर समाज समितिका प्रथम उपाध्यक्ष राजेश कुँवरले समाजमा भौतिक निर्माण तथा स्वरोजगार मूलक तालिमहरु लगायतका कार्यक्रममा सरकारी सहयोग प्राप्त हुन नसकेको गुनासो व्यक्त गरे ।

कार्यक्रमको सञ्चालन भवानी आमा समूहकी सचिव लक्ष्मी कुँवरले र स्वागत सपना सापकोटा कुँवरले गरेकी थिइन् ।

# लक्ष्मी माविमा अभिभावक भेला


**समाधान संवाददाता**
लेखनाथ, २७ भदौ

पोखरा महानगरपालिका २६ स्थित लक्ष्मी माध्यमिक विद्यालयको सोमबार भएको अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिमा ३ अभिभावकको छनोट गरेको छ ।

भेलाले हरिप्रिया पौडेल, रामकृष्ण जिसी र सुस्मिता खड्का रसाईलीलाई छनोट गरेको हो । भेलामा पोखरा २६ का वडाध्यक्ष नरेन्द्र थापाले उत्कृष्ट विद्यालय बनाउन अभिभावकहरुको महत्वपूर्ण भूमिका हुने बताए । वडाध्यक्ष थापाले पछिल्लो समय सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर खस्किँदा विद्यार्थीको संख्या घट्दै गएकोमा चिन्ता व्यक्त गरे । वडाध्यक्ष थापाले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय सरकारको रुपमा रहेको महानगर र वडाले पूर्ण रुपमा सहयोग गर्ने बताए ।

पोखरा महानगरपालिका शिक्षा शाखाका विद्यालय निरीक्षक विश्वराज आचार्यको संयोजकत्वमा भएको अभिभावक भेलामा वडा सदस्यहरु तिर्थबहादुर राजभाट, सुदीपराज ढुंगाना, लक्ष्मीदेवी भट्टराई, सुजता बराल सुनार, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष रामकृष्ण जि.सी, विद्यालयका प्रधानाध्यापक जगन्नाथ अधिकारी र सहायक प्रधानाध्यापक विष्णुप्रसाद तिवारी लगायतले शैक्षिक गुणस्तरका विषयमा बोलेका थिए ।

# अस्ताए साइकल बा



लेखनाथ, २७ भदौ (समाधान) - पोखरा महानगरपालिका वडा नं ३१ बेगनास निवासी समाजसेवी शोभाखर पाण्डेको ८३ वर्षको उमेरमा निधन भएको छ ।

राजनीति र सामाजिक क्षेत्रमा क्रियाशील पाण्डेको आइतबार उपचारको क्रममा पोखरामा निधन भएको हो । निर्वाचनमा साइकल चिश्न लिएर उठ्ने हुँदा उनलाई सबैले साइकल बा भनेर बोलाउँथे । नेपाली कांग्रेसबाट राजनीति सुरु गरेका पाण्डेले बेगनास गाउँ पञ्चायतको वडा नं ३ बाट वडाध्यक्ष हुँदै उपप्रधानपञ्च समेत भएका थिए । विसं २०४३ मा राष्ट्रिय पञ्चायतको निर्वाचनमा साइकल चिह्न लिएर उम्मेदवारी दिएका थिए । त्यसयता उनको नाम नै साइकल बा थियो ।

पाण्डेको सोमबार नर्मदेश्वर घाटमा अन्त्येष्टि गरिएको पोखरा महानगरपालिका ३१ का वडाध्यक्ष ढकनाथ कँडेलले जानकारी दिएका छन् । स्वर्गीय पाण्डेका तीन छोरा र दुई छोरी छन् ।


के तपाईको Printer मा कुनै समस्या छ ?
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)
Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स ... the printer house
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, मो. ९८५६०-४१९३५, ९८५६०-६५९३५
९८५६०-६६९३५, ९८५६०-६७९३५, ९८५६०-६८९३५, ९८५६०-४०६४८



मंगलाकाली यातायात प्रा.लि.
पोखरा काउन्टर :
अर्चलबोट-२, पोखरा
पोखरा मो. ९८१६१९६०८०
जिप काउन्टर
हाम्रा सेवाहरू
• पोखरा-बेनी
• पोखरा-तातोपानी
• पोखरा-जोमसोम
• पोखरा-दरवाङ
बेनी जिप काउन्टर :
फोन नं. ०६९-५२११४१
नोट : नेपाल भर रिजर्भको लागि जीप चाहिएमा हामीलाई सम्झनु होला ।



हार्दिक समवेदना

जन्म मितिः वि.सं. १९९३/०८/२७
स्वर्गारोहण मितिः वि.सं. २०७९/०५/१७
स्व. सुन्तली मुल्मी
यस माघेयात्रा व्यवस्थापन समिति सक्रिय तवलावादक **श्री लक्ष्मण मुल्मी** र शुभचिन्तक दाजु **श्री राम मुल्मी**का ममतामयी माता **सुन्तली मुल्मी**को असामयिक ब्रम्हलिन भएको खबरले हामी अत्यन्तै दुःखीत भएका छौं । यस दुःखद घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गंगामाताले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्दै समवेदना व्यक्त गर्दछौं ।
रमेश बाटाजु
अध्यक्ष तथा
माघेयात्रा व्यवस्थापन समिति
परिवार, पोखरा



वर्गीकृत विज्ञापन डिस्प्ले

neo बम्पर उपहार
FILTER | SOLAR WATER HEATER | GAS HOB | CHIMNEY
हरेक NEO Appliance को खरिदमा Scratch Sure-Shot Discount / Cashback Offer र १ जना भाग्यशाली Customer लाई Scooter जित्ने अवसर ।
खरिदका लागि सम्पर्क :
पायोनियर इन्टरनेशन ट्रेडिङ
पोखरा-११, रानीपौवा । ९८५६०२५३७०

मोबाइल पसल बिक्रीमा
न्यूरोडको प्राइम लोकेशनमा चालु अवस्थामा रहेको मोबाइल पसल विशेष कारणबस बिक्रीमा छ ।
सम्पर्कः ९८०६६-७७०७२

अर्जेन्ट आवश्यकता
वेटर- २ जना
कम्तिमा ३ वर्षको अनुभव
तलबः आपसी समझदारीमा ।
लेकसाइड, हल्लनचोक
सम्पर्कः 98291-28701

लेकसाइडको क्याफे बिक्रीमा
लेकसाइडको सेन्टर प्वाइन्ट स्थित चालु अवस्थाको क्याफे विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्कः
98161-84166
98122-68792

तुरुन्त बिक्रीमा
पोखरा स्थित अति व्यस्त रेष्टुरेन्ट तथा पार्टी प्यालेस लामो भाडा सम्झौतासहित तुरुन्त बिक्रीमा छ । इच्छुकले मात्र सम्पर्क राख्नुहोला । मूल्य आपसी समझदारीमा हुनेछ ।
सम्पर्क समयः बिहान ८ बजे देखि बेलुका ८ बजेसम्म ।
९८०६६-२२२४२
जीवन शर्मा

पोखरा मोबाईल टावर
व्यवसायिक प्रयोजनका लागि सटर भाडामा उपलब्ध छ ।
उदयबहादुर के.सी. (लाहुरे दाई)
प्रोभिजन स्टोर्स, गेम हाउस, सहकारी तथा बैंक QFS Hall, Institute & Consultancy लगायत सबै व्यवसायका लागि अति उपयुक्त ठाउँ। पार्किङ, लिफ्ट तथा वाइफाईको सुविधा भएको।
सम्पर्कः ९८५६०४८०८२, ९८४६१४८०८२
गण्डकी प्रदेशकै ठूलो मोबाईल सेन्टर, पोखरा मोबाईल टावर

घडेरी बिक्रीमा
पोखरा-२७, तालचोक नजिकै हमालचोकदेखि लक्ष्मी मा.वि. जाने पिच बाटोमा पर्ने ३६X३९ हातको घडेरी तु-बिक्रीमा छ ।
सम्पर्कः ९८१६६-१०३५७

खाजाघर बिक्रीमा
पोखरा-१२, ढिकालेथर स्थित खाजाघर विशेषकारणबस तु-बिक्रीमा छ ।
मूल्य रू. १ लाख ५० हजार मात्र ।
सम्पर्कः
9826645553
9819137083

## दुई सहकारीको संयुक्त साधारण सभा



पोखरा, २६ भदौ (समाधान) - महिला सीप विकास संस्था र सीप विकास बचत तथा ऋण सहकारीको संयुक्त साधारणसभा सम्पन्न भएको छ । दुवै संस्थाले आइतबार संयुक्त साधारण सभा आयोजना गरेका हुन् ।

संस्थाको २६ औं साधारण सभा तथा सहकारीको १२ औं सभाको उद्घाटन उच्च अदालत पोखराका मुख्य न्यायाधीश डिल्लीराज आचार्यले गरेका थिए । कार्यक्रमको अध्यक्षता देवी गुरुङ, रामकली खड्काले गरेका थिए भने सञ्चय बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष नारायण कार्की, गैर सरकारी संस्था महासंघ कास्कीका बुद्धिबहादुर थापा, पोखरा हस्तकला संघका सीता गुरुङ लगायतको उपस्थिति थियो ।

प्रमुख अतिथी आचार्यले हस्तकला उद्यमीलार्य अघि बढ्न विभिन्न प्रेरणात्मक उदाहरण दिएका थिए । उनले कानुनको अज्ञानको क्षम्य नभएको भन्दै केही आधारभूत चेतनामूलक भनाइ पनि राखे । कार्यक्रममा बोल्दै चिल्ड्रेन नेपाल पोखराका कार्यकारी निर्देशक डिल्ली शर्माले समाजमा पिछडिएका महिलालाई आर्थिक उपार्जनमा जोडेर अघि बढाउन सहकारीले भूमिका खेल्नुपर्ने बताए । कार्यक्रममा संस्थाका ८ जनालाई सम्मान पनि गरिएको थियो । उद्घाटन सत्र मिना खड्काले सञ्चालन गरेकी थिइन् भबन्द सत्रको कार्यक्रम सञ्चालन सचिव सुभद्रा थापाले गरेकी थिइन् ।

# लेखनाथ सामुदायिक सेवा केन्द्रको अध्यक्षमा अधिकारी

**समाधान संवाददाता**
लेखनाथ, २७ भदौ



लेखनाथ सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवाको अध्यक्षमा कृष्ण अधिकारी चयन भएका छन् । संस्थाको १६ औं वार्षिक साधारण सभा तथा ८ औं अधिवेशनले अधिकारीलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो ।

संस्थाको उपाध्यक्षमा गंगाकुमारी खनाल, सचिवमा केशवराज तिवारी, कोषाध्यक्षमा बुद्धिसागर पौडेल, सहसचिवमा दीपकनाथ भण्डारी र सदस्यहरुमा मायादेवी सापकोटा, कृष्णप्रसाद तिमिल्सिना, मिनामाया श्रेष्ठ, कृष्णप्रसाद ओझा, कुशराज तिमिल्सिना, गौरिदेवी सापकोटा, गणेशप्रसाद ढकाल, घनश्याम ढुंगाना, कृष्णप्रसाद सुवेदी, कृष्ण रिजाल र चन्द्रप्रकाश ढुंगाना छन् ।

कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका प्रहरी प्रमुख रामदत्त जोशीले सामुदायिक सेवा केन्द्रमा बसेर काम गर्नका लागि राजनीतिक पक्ष विपक्ष, धर्म, जात नभन्ने भएकाले स्वतन्त्र पूर्वक काम गर्न सुझाए ।

संस्थाका अध्यक्ष त्रिलोचन लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा सेवा केन्द्रको भवन निर्माणमा सहयोग गरेका गमबहादुर गुरुङ, सेवा केन्द्रका संस्थापक अध्यक्ष मोती गिरी, सामुदायिक सेवा केन्द्र जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष भीम पराजुली, वडा नं २६ का वडा सदस्य सुदीपराज ढुंगाना, सेवा केन्द्रका निवर्तमान अध्यक्ष रमेश ओझा, नागरिक परोपकार समन्वय समितिका अध्यक्ष चिरञ्जिवि तिवारी, निर्वाचन संयोजक राममणि अधिकारी, सामुदायिक सेवा केन्द्र बगरका अध्यक्ष रामप्रसाद अधिकारी लगायतले बोलेका थिए ।

# जाइका प्रमुख र मेयर आचार्यबीच भेटवार्ता

**समाधान संवाददाता**
पोखरा, २७ भदौ



जापानी सहयोग नियोग (जाइका) का प्रमुख ओकुबो अकिमित्सु सहितको टोलीले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसहित महानगरको प्रतिनिधि मण्डलसँग भेटघाट गरेको छ । प्रमुख आचार्यको कार्यकक्षमा भएको भेटघाटमा जाइकाद्वारा सञ्चालित खानेपानी आयोजनाको हालसम्मको प्रगति र समस्याहरूको बारेमा छलफल भएको छ ।

पोखराको खानेपानी व्यवस्थापनका लागि लाइन विस्तारको काम गरिरहेको जाइकाले करिब ८८ प्रतिशत काम सम्पन्न गरेको बताएको छ । सडक विभाग अन्तर्गतका सहरी सडकमा लाइन विस्तार र प्रस्याङ-सिद्धार्थचोक खण्डमा केही प्राविधिक समस्या देखिएकाले सो समस्या समाधानका लागि सरोकारवालासँग आवश्यक समन्वय गरिदिन ओकोबु नेतृत्वको टोलीले महानगरका प्रमुख आचार्यलाई आग्रह गरेको छ ।

जवाफमा प्रमुख आचार्यले ती समस्या समाधानका लागि सडक विभाग, खानेपानी संस्थान लगायतका सरोकारवालाहरुसँग यथाशीघ्र समन्वय गरी छलफलको वातावरण तयार गर्ने बताए । खानेपानीको लाइन विस्तारका क्रममा देखिएका बाधा अड्चन समाधान गरी पोखरेलीहरूलाई शुद्ध खानेपानी वितरण गर्ने कार्यमा महानगरपालिका प्रतिबद्ध रहेको बताए ।

भेटघाटमा जाइकाका प्रमुख ओकुबो अकिमित्सु सहित कातो कुमिको, सुगियामा शिगेरु र इन्जिनियर हरि तिमिल्सिनाको उपस्थिति थियो भने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, उपप्रमुख मन्जुदेवी गुरुङ, प्रशासकीय प्रमुख वीरेन्द्रदेव भारती र इन्जिनियर राजु रेग्मीको सहभागिता थियो ।

## सक्नेरी बुद्ध आमा समूहमा नयाँ नेतृत्व

**समाधान संवाददाता**
लेखनाथ, २७ भदौ

पोखरा २६ को बुढीबजारको सक्नेरी बुद्ध आमा समूहको ३२ औं साधारण सभा तथा १० औं अधिवेशनले लक्ष्मी गुरुङको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

सर्वसम्मत चयन भएको समितिको उपाध्यक्षमा धनदेवी गुरुङ, सचिवमा विना गुरुङ, कोषाध्यक्षमा गमबहादुर गुरुङ, सहसचिवमा रिता गुरुङ र सहकोषाध्यक्षमा कुलबहादुर गुरुङ छन् ।

समिति सदस्यमा गौमाया गुरुङ, गंगादेवी गुरुङ, शुसिला गुरुङ, लालमति गुरुङ, भाइकु गुरुङ, लक्ष्मी गुरुङ र ईश्वरीदेवी गुरुङ छन् ।

कार्यक्रमको उद्घाटन गर्दै तमु धि लेखनाथका अध्यक्ष रामप्रसाद गुरुङले महिलाहरुलाई समाजमा अग्रसर बनाउन नेतृत्व दिनुपर्ने र महिलाहरु पनि नेतृत्व लिन पछि हट्न नहुने धारणा राखे ।

समूहकी अध्यक्ष सरस्वतीदेवी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार दुर्गाबहादुर गुरुङ, मेघबहादुर गुरुङ, कृष्णबहादुर गुरुङ, प्राध्यापक मनबहादुर गुरुङ, पूर्व अध्यक्ष नरमाया गुरुङ लगायतले बोलेका थिए ।

## खेलकुद पत्रकारिता तालिमलाई महानगरले सहयोग गर्ने



पोखरा, २७ भदौ (समाधान) - नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सन्दर्भमा असोज पहिलो साता पोखरामा हुने प्रदेश स्तरीय खेलकुद पत्रकारिता तालिमलाई पोखरा महानगरपालिकाले सहयोग गर्ने भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको टोलीसँग आइतबार भएको भेटघाट कार्यक्रममा पोखरा महानगरका मेयर धनराज आचार्यले सहयोग गर्ने बताएका छन् ।

पोखरामा हुने उक्त प्रतियोगितालाई सफल पार्न महानगरले हरेक हिसाबले सहयोग गर्ने बताउँदै मेयर आचार्यले मञ्चले आयोजना गर्ने कुनै पनि कार्यक्रममा सहयोग गर्दै आएको उल्लेख गरे ।

पोखरा महानगरले पोखरा स्पोटर्स अवार्ड देखि विभिन्न कार्यक्रममा सहकार्य गर्दै आएकोमा महानगरलाई धन्यवाद दिदै मञ्चका अध्यक्ष दीननाथ बरालले खेल पत्रकारहरुको लागि क्षमता अभिबृद्धि गर्न तालिम आयोजना गर्न लागेको बताए । टोलीमा मञ्चका अध्यक्ष बरालको साथमा सल्लाहकार एकराज गिरी, रन्जन अधिकारी, सदस्य राजु गिरी, गणेश बराल लगायतको सहभागिता थियो । टोलीले पोखरा महानगरको उपप्रमुख मञ्जुदेवी गुरुङलाई पनि भेटेको थियो । राष्ट्रिय खेलकुद परिषद, गण्डकी खेलकुद परिषद लगायतका विभिन्न संघ संस्थाको सहयोगमा मञ्चले उक्त तालिम असोजको ४ र ५ गते पोखरामा गर्ने तयारी गरेको छ ।

## भलाममा खुल्ला व्यायामशाला र ज्येष्ठ नागरिक विश्रामस्थल

पोखरा, २७ भदौ (समाधान) - पोखरा महानगरपालिका वडा नं. २० भलाममा पार्क सहितको खुल्ला व्यायामशाला तथा ज्येष्ठ नागरिक दिवा विश्राम स्थल निर्माण हुने भएको छ ।

भलाम ठुलोपाटनको पूर्वी भागमा हरिहर पैदल मार्गसँग जोडिएको खुल्ला सार्वजनिक जग्गामा पार्क सहितको खुल्ला व्यायामशाला तथा ज्येष्ठ नागरिक दिवा विश्राम स्थल बन्न लागेको हो । पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९।०८० वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट कार्य सम्पादन गर्न पोखरा २० को कार्यालयसँग समन्वय गरी अगाडि बढ्ने समेत सोमबार बसेको समितिको पहिलो बैठकले निर्णय गरेको छ । पार्क तथा खल्ला व्यायामशाला, ज्येष्ठ नागरिक विश्राम स्थल निर्माण समितिका अध्यक्ष यादव गौतमको अध्यक्षतामा बसेको बैठकको सञ्चालन सचिव रेशम खत्रीले गरेका थिए भने पोखरा २० का वडाध्यक्ष गंगाबहादुर खत्री प्रमुख अतिथी थिए ।

## मौजाबासीका समस्या समाधान गर्न प्रतिबद्ध छु : मन्त्री थापा

**समाधान संवाददाता**
पोखरा, २७ भदौ



गण्डकी प्रदेश सरकारका कानुन, सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापाले मौजाबासीका समस्यालाई समाधान गर्न आफू प्रतिबद्ध रहेको बताएका छन् । सोमबार पोखरा २० मौजामा आयोजना गरिएको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले भने, 'मौजामा देखिएको सडक, सिंचाई, शिक्षा, खानेपानी लगायतका समस्यालाई समाधान गर्न म तत्पर छु । स्थानीयहरुको सहयोगले नै विकास सम्भव छ ।'

मन्त्री थापाले विकासमा राजनीति नगर्न आग्रह गरे । विकास जसले गरे पनि गाउँको भलो हुने भएकाले विकासमा राजनीति गर्नुको तुक नभएको बताए । एकता नै बल हुने हुँदा गाउँले सबै मिलेर समस्याका समाधान गर्नुपर्ने उनको जोड थियो ।

मन्त्री थापाले काहुँखोला, आर्वा, लामडाँडा हुँदै मौजा पुग्ने बाटोको समेत निरीक्षण गरेका छन् । उनले स्थानीयलाई डिपीआर तयार गर्न निर्देशन समेत दिए । डिपीआर बनेपछि आवश्यक बजेट विनियोजन गरिने बताए । कार्यक्रममा राष्ट्रिय भूमि आयोग कास्कीका प्रवक्ता आशबहादुर गुरुङले आयोगले भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई पहिलो प्राथामिकतामा राखेर जग्गा उपलब्ध गराउँदै आएको बताए । कास्की कांग्रेस महिला संघकी सभापति सकुन्तला गुरुङले गाउँ विकासमा सबै लाग्नुपर्ने आवश्यकतालाई औंल्याइन् । उनले विकासमा विरोध नगर्न अनुरोध गरिन् । पोखरा २० का जनप्रतिनिधि गंगामान गुरुङले मौजाको विकासमा वडा तहबाट हुन सक्ने पहल आफूले गर्ने प्रतिबद्धता राखे ।

नेपाली कांग्रेस पोखरा २० का सभापति तिलबहादुर गुरुङले काहुँखोला, आर्वा, लामडाँडा हुँदै मौजा पुग्ने बाटोमा पुलको आवश्यकता रहेको बताए । कार्यक्रममा मौजा टोल विकास समितिका अध्यक्ष खड्कजंग गुरुङ, लामडाँडा टोल विकास संस्थाका अध्यक्ष काशीराम गुरुङ, हिराजंग गुरुङ लगायतले बोलेका थिए ।


## हार्दिक बधाई





लायन गोकर्ण कार्की | लायन देवेन्द्र केसी | लायन जसबहादुर गुरुङ

यस क्लबका पूर्व अध्यक्ष **लायन गोकर्ण कार्की ज्यू,** हालै सम्पन्न **पोखरा उद्योग वाणिज्य संघ**को वरिष्ठ उपाध्यक्ष पदमा र सदस्य **लायन देवेन्द्र केसीज्यू** उपाध्यक्ष (उद्योग) पदमा अत्यधिक मतले निर्वाचित हुनुभएको एवं यसै क्लबका द्वितीय उपाध्यक्ष **लायन जसबहादुर गुरुङज्यू पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि.**को सञ्चालक पदमा निर्वाचित हुनुभएकोमा उहाँहरुको कार्यकालको पूर्ण सफलताको कामना गर्दै **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।

**लायन डिल्लीराम गौतम (विवेक)**
**अध्यक्ष एवं**
**लायन्स क्लब अफ पोखरा फिस्टेल परिवार**



## हार्दिक बधाई



**श्री पवनकुमार प्रजापती**

यस मध्यपुर ठिमी नेवारी समाज सेवाका सदस्य **श्री पवनकुमार प्रजापती ज्यू** यही भदौ २४ र २५ गते सम्पन्न भएको ३४ औं महाधिवेशनबाट पोखरा उद्योग वाणिज्य संघको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत सम्पूर्ण पदाधिकारीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्रराम घजु**
**संयोजक एवं**
**मध्यपुर ठिमी नेवारी समाज सेवा परिवार, पोखरा**



## विराट कृषि सहकारी संस्था लिमिटेड
**पोखरा-२७, डाँडाकोनाक, कास्की**

*मिति: २०७९ भाद्र २८ गते*

# आवश्यकता

यस **विराट कृषि सहकारी संस्था लिमिटेड** पोखरा-२७, डाँडाकोनाकको लागि एक जना निम्नानुसार योग्यता भएको कर्मचारीको आवश्यकता परेको हुँदा आजको मितिले ७ दिनभित्र यस संस्थाको कार्यालय पोखरा-२७, डाँडाकोनाकमा इच्छुक व्यक्तिले दरखास्त दिनको लागि आब्हान गरिन्छ । समयभित्र नपरेका निवेदन तथा निर्धारित योग्यता नपुगेका निवेदक उपर कार्वाही गरिने छैन ।

**तपशील:**

**१. पद** : **व्यवस्थापक**
**२. योग्यता** : स्नात्तक तह उत्तीर्ण (BBA or BBS Passed)
**३. अनुभव** : कम्तिमा दुई वर्षको कार्य अनुभव बैंकिङ्ग क्षेत्रमा भएको हुनुपर्ने ।
४. मोटरसाइकलको सवारीचालक अनुमति पत्र भएको हुनुपर्ने ।
५. **सेवा सुविधा:** आपसी समझदारीमा ।

**नोट:** विस्तृत जानकारीको लागि संस्थाको कार्यालय सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नं.:** ९८५६०२१९७०, ९८५६०२५८०४, ९८५६००८६३०

**अध्यक्ष**
**कुल प्रसाद अधिकारी**



## सृजना विकास केन्द्र
**पोखरा-८, कास्की**

### ४५ औं साधारण सभा तथा २२ औं अधिवेशन सम्बन्धी सूचना !

**सृजना विकास केन्द्र**को मिति २०७९/०५/०२ गते बसेको कार्य समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको **४५ औं वार्षिक साधारण सभा एवं २२ औं अधिवेशन** निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण आजीवन सदस्य, साधारण सदस्य, पूर्व अध्यक्ष एवं सल्लाहकारज्यूहरूलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम:**
**मिति** : २०७९ भाद्र ३१ गते शुक्रबार
**समय** : बिहान ८:०० बजे
**स्थान** : संस्थाको प्राङ्गण, पोखरा-८, सिमलचौर
**सम्पर्क** : ९८४६०३३२७३, ९८५६०३२२२२

**इन्द्रप्रसाद पौडेल**
**अध्यक्ष**
**सृजना विकास केन्द्र**



## नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय

### सामान लिलामको शीलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२८ गते)

यस कार्यालयका देहाय वमोजिमका पुराना पूँजीगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र फाराम खरिद गरी १६ औं दिनको १२:०० वजेभित्र (उक्त दिन विदा परेमा कार्यालय खोलेको पहिलो दिन) शीलबन्दी बोलपत्र देहायको शर्तहरुको अधिनमा रही पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समूह | लिलाम हुने सामान | न्यूनतम् मूल्य रु. (मू.अ. कर सहित) | धरौटी रकम |
|---|---|---|---|
| १. | जेनेरेटर, युपिएस, नोट काउन्टिङ मेसिन, टेबल, कुर्सी, फर्निचरजन्य सामान, भोल्टेज स्टेबलाईजर, फ्यान, टिनका बाकस तथा अन्य फलामका सामानहरु लगायत विविध फुटकर सामानहरु एकमुष्ट । | १,००,०००।- (अक्षरेपी : एक लाख मात्र ।) | कबोल रकमको ५ प्रतिशतमा नघटाई (मू.अ. कर सहित) |

१. शीलबन्दी बोलपत्र मिति २०७९ असोज १२ गते दिनको १:०० बजे (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ ।
२. बोलपत्रसाथ कबोल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव (१८००००.०११.००४.५२४) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।
३. बोलपत्र फाराम रु. ५००।- (अक्षरेपी पाँच सय मात्र) (फिर्ता नहुने गरी) यस कार्यालयको विविध आम्दानी खाता हिसाब (१८००००.०३०.०१२.५२४) मा नगद जम्मा गरी यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ ।
४. लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरेको), स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
५. यो सूचना तथा बोलपत्रका शर्तहरु नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।
६. लिलाम हुने सम्पूर्ण सामानहरुको विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।
७. लिलाम हुने सामानहरु हेर्न र बुझ्न चाहेमा यस कार्यालयको आन्तरिक प्रशासन इकाईको सम्पत्ति व्यवस्थापन तथा सञ्चय फाँटमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।
सम्पर्क नं : ०६१ ४६२७१४ (Ext No. ११८)

**नेपाल राष्ट्र बैंक**
पोखरा कार्यालय

# प्रेम भुजेलको स्मृति संग्रह विमोचन



पोखरा, २७ भदौ (समाधान)- निजी कारसहित त्रिशुली नदीमा खसेर गत वर्षदेखि बेपत्ता व्यवसायी प्रेमबहादुर भुजेलको परिवारले संघर्षमा प्रर्याय प्रेम भुजेलको स्मृति संग्रह प्रकाशन गरेको छ। भुजेलको प्रथम वार्षिकीको सन्दर्भमा श्रदाञ्जली अर्पणको क्रममा सोमबार भएको कार्यक्रमम गण्डकी विश्व विद्यालयका कुलपति गणेशमान गुरुङले स्मृति संग्रहको विमोचन गरे।

उनले व्यवसायी भुजेलको उद्योग व्यवसायको प्रवर्द्धन तथा सामाजिक क्षेत्रमा योगदान रहेको बताए। कार्यक्रममा गण्डकी प्रदेश सभाका सदस्य मोहन रेग्मी, पोखरा महानगरपालिकाक पूर्व मेयर मानबहादुर जिसी, रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा,पोखरा चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष यमनाथ पौडेल लगायतले निजी क्षेत्रको हक हितमा योगदान पुऱ्याएको भुजेलको स्मरणमा वर्षेनी कार्यक्रम गर्ने बताए।

कार्यक्रममा भुजेल समाज कास्कीका अध्यक्ष पूर्णबहादुर भुजेल, प्रेम भुजेलकी श्रीमती पवित्रा भुजेल, छोरा प्रमोद भुजेलले बोलेका थिए। पोखरा चेम्बर अफ कमर्स कास्कीका तत्कालिन वरिष्ठ उपाध्यक्षसमेत रहेका भुजेल गत वर्षको असोज ८ गते काठमाडौंबाट पोखरा आउँदै गर्दा मुग्लिङभन्दा ३ किलोमिटर जति पूर्व नाग्दीखोला भन्ने ठाउँबाट त्रिशूलीमा कार खसेर बेपत्ता भएका थिए। कार बेपत्ता भएको ८ दिनपछि कुशको प्रतीकात्मक आकृति बनाएर उनको दाहसंस्कार गरिएको थियो। कपडा व्यवसायी संघ कास्कीका पूर्वअध्यक्षसमेत रहेका भुजेल पोखरा उद्योग वाणिज्य संघका पूर्व कार्यकारी सदस्य थिए। उनी हंसपुर थुम्की समाज पोखरा, पोखरा चेम्बर अफ कमर्स कास्की सहित १४ समाजिक संघ संस्थामा सक्रिय थिए।

# पोखरामा भिगन महोत्सव हुने

पोखरा, २७ भदौ (समाधान)- पोखरामा हिमालयन भिगन महोत्सव हुने भएको छ। असोज २ देखि ४ गतेसम्म पोखराको होटल ग्राण्डमा महोत्सव आयोजना गर्न लागिएको आयोजक वर्ल्ड भीगन अर्गनाइजेसन नेपालले जनाएको छ। महोत्सव पोखरासहित काठमाडौं र लुम्बिनीमा समेत आयोजना गरिने छ। दक्षिण एसियामै पहिलो पटक भिगनिज्मबारे महोत्सव राखिएको आयोजकको दाबी छ।


वर्ल्ड भिगन अर्गनाइजेसन नेपालका अध्यक्ष विष्णुप्रसाद न्यौपानेले भीगन खाना र भीगन जीवनशैलीको प्रचारका लागि महोत्सव आयोजना गरिएको बताए। 'भिगनिज्मको अवधारणालाई नेपालमा अपनाउन सके नेपाल भीगन व्यक्तिहरुको प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्छ,' उनले भने, 'कार्यक्रमले पोखराको पर्यटनमा पनि सहयोग गर्छ, १५० बढी पर्यटक महोत्सवमा आउनुहुन्छ।'

महोत्सवमा १ सय बढी अन्तर्राष्ट्रिय वक्ताहरुले बोल्ने बताइएको छ। महोत्सवमा ७५ बढी सूचनामूलक प्रदर्शनी, भीगन च्यालेन्ज, भिगन खाना बनाउने कार्यशाला, राष्ट्रिय अन्तर्राष्ट्रिय सेफद्वारा पाक शिक्षा प्रदर्शनी, चलचित्र प्रदर्शनी, जनावर अधिकार सम्बन्धी शिक्षा, भीगन लघु चलचित्र प्रतियोगिता समेत राखिने बताइएको छ।

भिगनिज्मले विश्वमा बढ्दो तापक्रम रोक्न सहयोग गर्ने जीवनशैली भएको कार्यक्रमको प्रमुख अतिथि संस्थाका उपाध्यक्ष विष्णु न्यौपानेले बताए। कार्यक्रममा स्वागत मन्तव्य ऋषि सापकोटाले गरेका थिए भने गण्डकी बोर्डिङका शिक्षक लक्ष्मीनारायण ढकालले भिगनिज्मको बारेमा बोलेका थिए। कार्यक्रमको सञ्चालन उमेश पराजुलीले गरेका थिए।

फिल्म समीक्षा :

# निक्खर कथा, तिक्खर फिल्म



युनिश गुरुङ

फ्रान्सेली निर्देशक रोमन पोलान्स्कीले एक पटक भनेका थिए- 'राम्रो सिनेमाले तपाईंलाई थिएटरमा बसेर फिल्म हेरिरहेको छु भन्ने कुरा नै बिर्साइदिन्छ।' जब दर्शक कथा भित्र घुस्न थाल्छ, पात्रसंगै यात्रा तय गर्छ। कथाभित्रको समस्यामा अप्ठेरो र समाधान पछि रिलिफ महसुस गर्छ। तब सिनेमा सुन्दर भएको मानिन्छ। यसै साता नेपाली सिनेमा आकाशमा यस्तै एउटा सुन्दर सिनेमा उदाएको छ, ऐना झ्यालको पुतली।

ऐना झ्यालको पुतली अर्थात् सिसाभित्र थुनिएको पुतली जो बाहिरी संसार नियाल्छ तर निस्किन सक्दैन। प्वाँखमा रंगिन सपना भरेर स्वतन्त्र गगनमा निस्फिक्री उड्न चाहन्छ तर सिसा भित्र अड्किन बाध्य छ। यस सिनेमाको प्रोटागोनिस्ट विद्या अधिकारी (कञ्चन चिमोरिया लक्ष्मी) पनि ऐना झ्यालमा अड्केको पुतलीको जीवन बाँचिरहेकी छिन्। उनी नजिकको गाउँमा गएर माध्यमिक तहको पढाइ पूरा गर्न चाहन्छिन्। स्वतन्त्र बन्न चाहेपनि सपना प्राप्तिमा बाधा आइपर्छ। परिवारले उनको चाहना थाहा पाउनु अगावै उनी बन्धनमा बाँधिन्छिन्।

के विद्याग्रहण गर्ने विधाको सपनामा साँचिकै ग्रहण लाग्ला ?

फिल्मको ओपनिङ सिनमा विद्या र उनका भाइ बसन्त (दिनेश खत्री) उत्सुकतापूर्वक काँचको बट्टामा थुनिएको पुतली हेरिरहेका छन्। झुसिलकिराबाट पुतली बन्दासम्म थुनिएर राखेको पुतली विद्याले उडाउन खोज्छिन्। तर बसन्तले अवरोध गर्छ। यद्यपी विद्याले पुतली उडाएर नै छाड्छिन्।

बन्धनमा बाँधिएकी विद्याले उन्मुक्ति पाउलिन् ? वर्षौंदेखि पुरुष प्रधान समाजले कठपुतली बनाएका विद्याहरुले उन्मुक्ति पाउँछन् ?

०००

लिनियर न्यारेटिभमा रहेको कथाको संरचना सुन्दर छ। जुन सरल र सामान्य शैली पनि हो। समान बेगमा बगेको पटकथाको कारण दर्शक सजिलै कथा भित्र घुस्छ र कथाले अन्तिमसम्म दर्शकलाई बाँधेर राख्छ। कथा, पात्रहरु फिक्सनल भएको थाहा हुँदाहुँदै भावुक बनाइ छाड्छ। बालापनको धूमिल स्मृतिमा पुऱ्याउँछ। ग्रामीण भेगमा निम्न जीवन बिताएका जो कोहीलाई बाल्यकालको झल्को गराउँछ। निर्देशकले बाल्यकालमा गरिने स-साना क्रियाकलापलाई मिहिन रुपमा उतारेका छन्।

यो विद्याहरुको कथा हो। विशा राई र पारुको कथा हो। माइतको दैलो टेक्न कुर्ने विद्याकी आमाको कथा हो। स्वतन्त्रताको भोकको कथा हो। जो वर्षौंदेखि अधिनताको डोरीले बाँधिएर बसेका छन्। फिल्ममा कानमा लगाउने मुन्द्रीलाई बिम्बको स्वरुप दिएको छ। मुन्द्री हजुरआमापछि आमा हुँदै विद्याका कानमा आइपुग्छ। जसले महिलाहरु पितृसत्तामा महिलाहरु कसरी कठपुतली जीवन बा(ँचिरहेका छन्, त्यो देखाउन खोजिएको छ। फिल्मको एउटा दृश्यमा बसन्तले स्वतन्त्रताको कविता वाचन गर्दैछ। सोही समयमा क्यामेरा हजुरबुबा, बुबा हुँदै विस्तारै विद्याको मुहारमा होल्ड हुन्छ। त्यति बेला विद्याले मुन्द्री लगाएकी हुन्छिन्। त्यसपछि क्यामरा विस्तारै पिनिङ हुँदै झ्याल तर्फ लैजान्छ। यो दृश्य र त्यति बेला बोलेका संवाद निकै अर्थपूर्ण छ। फिल्ममा एउटा यस्तो दृश्य छ, बसन्त कपाल कोर्दै छ, छेउमा दिदी खाटमा बसिरहेकी छिन् र उनीहरुको बीचमा खम्बा छ। खम्बामा पुतली अंकित रुमाल झुण्डिरहेको छ। उक्त दृश्यमा खम्बाले दुईबीचको फरक देखाउन खोजेको छ।

विद्या अलि विद्रोही स्वभावकी हुन्छिन्। उनी ऐना झ्याल तोड्न चाहन्छिन्। खोला तर्न चाहन्छिन् तर कहिले नवराज, कहिले मुढो बाउ त कहिले चकचके भाइ तगारो भएर आउँछन्। विद्याले पढ्न चाहेको विद्यालय खोला पारी छ। खोलालाई स्वतन्त्रताको रेखाको रुपमा पनि देखाइएको छ। उनले खोला पार गरेकै दिन आमाको गाली खान्छिन्। निर्देशकले पारुसँग खोला तर्दा पृष्ठभुमिमा देखाएको दृश्य, खोलामा




**फिल्म हेरिरहँदा यस्तो लाग्छ, माजिद माजिदी, अब्बास कियारोस्तमी कै सिनेमा हेरिरहेको छु**

निस्फिक्री पौडेका बच्चाहरुको दृश्यले महिला स्वतन्त्रता र रूढीवादी समाजलाई प्रतिविम्बित गर्न खोजेका छन्। इरानलाई बर्बर युद्ध मात्र हैन, फिल्मको उर्वर भूमि पनि मानिन्छ। चिल्ड्रेन अफ हेभन, सन चिल्ड्रेन, होर वेर इज माइ फ्रेन हाउस, कलर अफ प्यारडाइज जस्ता सिनेमा बाल मनोविज्ञान र पारिवारिक बन्धनमा बनेका छन्। ऐना झ्यालको पुतलीले पनि तिनै कलात्मक र यथार्थपरक इरानी सिनेमाको झल्को दिलाउँछ। बाल मनोविज्ञानसँग साक्षात्कार गराउँछ। हुन त हराएको साइकल खोजीमा हिँडेका बाउछोराको कथा 'दी बाइसाइकल थिभ्स'को झल्को पनि नदिएको हैन। दि बाइसाइकल थिभ्स इटालियन न्यू रियालिज्म मुभमेन्टमा बनेको सुरुआती फिल्म पनि हो। ऐना झ्यालको पुतलीमा पनि अधिकांश भन्दा बढी कलाकार नन प्रोफेसनल हुन्। इटालियन न्यू रियालिज्म मुभमेन्ट सबै भन्दा धेरै पछ्याएको इरानी फिल्ममेकरहरुले हो। जसलाई इरानी न्यू वेभको मुभमेन्ट भनियो। माजिद माजिदी, बहराम बेजाय, अब्बास कियारोस्तमी त्यसलाई पछ्याउने फिल्म मेकरहरु हुन्। अत्यन्त सरल कथा, स्लो पेस, नन प्रोफेसनल एक्टर, सिंगल टेक, काव्यात्मक, मेटाफोरिकल स्टोरि टेलिङ इरानी न्यु वेभका खासियत हुन्।

फिल्मको सुन्दर पक्ष भनेको खिचाइ पनि हो। दर्शकलाई पात्रसँगै यात्रा गराउन, अधिक यथार्थपरक देखाउन धेरै ठाउँमा सिंगल अर्थात् लङ टेक प्रयोग गरिएको छ। जसले अब्बास कियारोस्तमीको सिनेमाको झल्को दिलाउँछ। नन प्रोफेसनल एक्टरलाई सिंगल टेकमा लामा संवाद बोल्न लगाउनु, अभिनय गर्न लगाउनु तारिफ गर्न लायक कुरा हुन्। खोलातिर बसन्तले कुटाइ खाँदा निसाँसिदा होस् या देउराली चोकमा बांगे मिलनसँग जुध्दा गरिएको सेक गरिएको क्यामराले कथा र पात्रको मनोदशा दर्शाउन मद्दत गरेको छ। जसले कथालाई जीवन्त बनाउन सहयोग गरेको छ।

आर्ट डिरेक्टरको काम पनि प्रसंशनिय छ। तत्काल समयमा प्रयोग गरिने पेन, सिनेमाका पोस्टर, पैसा जस्ता प्रोप्सले तत्कालिन समयमै पुऱ्याइदिन्छ। निर्देशकले टाइमफ्रेमलाई डिटेलमा देखाएका छन्। कक्षाकोठाको एउटा दृश्यमा मिति लेखिएको छ, २०५२ मङ्सिर १२ गते। त्यो दिन मुनामा कविता पनि पठाएको दिन पनि हो। जुन समय द्वन्द्वकाल सुरु हुनु २ महिना अघिको समय हो। त्यसको केही महिना पछि बसन्त र बांगे मिलन मगर खोज्न जाने क्रममा पृष्ठभूमिमा रेडियो बजिरहेको हुन्छ। जसमा रोल्पामा अज्ञात समूहबाट आक्रमण गरिएको छ भनेर सशस्त्र द्वन्द्व सुरु भएको कुरा संकेत गरिएको छ। तर मूल कथामा सो घटनाक्रमले असर नपर्ने गरी संकेत गरिएको छ। पुष्पसंगमको बिजियम अत्यन्त राम्रो छ। सम्भवत : उनले गरेका पछिल्ला काममध्ये उत्कृष्ट हो। कथा अनुरुप राजेन्द्र मोक्तानले रंग संयोजन गरेका छन्।

कलाकारहरुको डाइलग डेलिभरी, अभिनय यथार्थपरक छ। कति ठाउँमा अभिनय यस्तो छ कि कलाकारको अनुहारको भावले धेरै कुरा बताउँछ। कास्टिङ डिरेक्टर केदार श्रेष्ठ र आकाश मगरले चरित्र सुहाउँदो कलाकार छानेका छन्। कहिल्यै घर आउँदिन भनेर घुर्क्याउने, नजिक हुँदा दिदीसँग झगडा गर्ने अनि टाढा हुँदा खिर दिने दृश्यहरुले दिदीभाइको प्रेम देखाएको छ। फिल्म बहुविवाह, रुढीवादी र पितृसत्ताको विरोधमा छ तर लम्बेतान क्रान्तिकारी संवाद घुसाएको छैन। त्यस्तै फिल्मको एउटा पुतली उमेश श्रेष्ठ अर्थात् बांगे पनि हो। जो पटक पटक काठमाडौं उड्ने सपना देख्छ र एकदिन उडेर पनि जान्छ। तर विद्यालाई स्वतन्त्र उड्न रोक छ।

एउटा दृश्य छ, विद्या खेतमा पराल बोकेको त्यसपछि रातको दृश्य आउँछ। त्यति बेलाको फेड इन ब्ल्याक नगरेको भएपनि हुन्थ्यो जस्तो लाग्छ। किनकी फेड इन, फेड आउट सामन्यतया लामो समयको अन्तराल देखाउन प्रयोग गरिन्छ। समग्रमा सम्पादन पक्ष राम्रै छ। एउटा दृश्यमा विद्याले गालामा मेकअप पोतेको देखाउँछ। यति डिटेलमा काम गर्ने निर्देशकले तत्कालिन समय प्रयोग गर्ने टोनी, फेयर एण्ड लभ्ली प्रयोग गरेको देखाएको भए अझ राम्रो हुन्थ्यो कि ? किन भने मितिनीले प्रयोग गर्ने मेकअप टुल तत्कालिन समयमा सहरमा समेत कमै प्रयोग गर्ने गरिन्थ्यो। हुन त कनट्युनिटिका कुराहरु हुन्, कमजोरी हैनन्। तर बिजुलीका प्लग र टुकी एकै पटक नदेखाएको भए अझ राम्रो कि ? गाउँमा लामा बिजुलीका पोलहरु ठडिसकेका छन् तर पानी भने उही पँधेरो धाउनु परेको छ। अर्को कुरा बुवाको चरित्र अझ बलियो रुपमा स्थापित गरेको भए हुन्थ्यो। उनलाई विद्याको सपना तगारो बनाउन मात्र एन्टागनिस्ट देखाएको छ जस्तो लाग्छ। कहिले गीत, कहिले समाचार अनि कहिले विज्ञापन गरेर प्राय दृश्यहरुको पृष्ठभूमिमा केही न केही बजिरहेको हुन्छ। टाइमलाई स्थापित गर्न बजाएको रेडियोको धुन अलि नै बढि भयो कि ?

यद्यपि ऐना झ्यालको पुतली निक्खर कथामा बनेको तिक्खर फिल्म हो। कलात्मक, सरल कथावाचन, यथार्थपरक, मैलिक सिनेमा हो। दोस्रो विश्वयुद्ध पछि रोम ओपन सिटी, बाइसाइकल थिभ्स जस्ता फिल्म जन्मिए जसलाई इटालियन न्यू रियालिज्म भनियो। यसै शैलीलाई इरानी फिल्ममेकरहरुले इरानी न्यू वेभको नाम दिए। नेपाली माटोसँग पनि सुहाउँदो यहि शैलीमा निर्देशक सुरेश बिडारीले आफ्नै कथा बुनेका छन्। फिल्म हेरिरहँदा यस्तो लाग्छ, माजिद माजिदी, अब्बास कियारोस्तमीहरु कै सिनेमा हेरिरहेको छु। ऐना झ्यालको पुतलीले साँच्चिकै इरानी सिनेमाको झल्को दिन्छ।

# एपिएफ र एसियन सुज भलिबल च्याम्पियन

**समाधान संवाददाता**
पोखरा, २७ भदौ



पोखरा महानगरपालिका ३ नदीपुरमा सम्पन्न क्लबस्तरीय पुरुष भलिबल प्रतियोगितामा सशत्र प्रहरी बल (४ नम्बर बाहिनी) मालेपाटनको टिम च्याम्पियन भएको छ।

पोखरा भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा नदीपुर छन्त्याल समाजको खेल मैदानमा सोमबार सम्पन्न फाइनल खेलमा मामा भान्जा क्लब काठमाडौंलाई २५-२०, २५-२२, २५-१९ अंकसहित ३-० को सोझो सेटमा पराजित गर्दै एपिएफ च्याम्पियन बनेको हो। त्यसैगरि महिलातर्फ अर्चलबोट भलिबल क्लबलाई फाइनल खेलमा २५-१२, २०-२५, २५-१५ र २५-२० को अंकसहित ३-१ सेटमा पराजित गर्दै एसियन सुज टिमले उपाधि जित्यो।

पुरुषतर्फ उपाधि जितेको एपिएफले शिल्ड, मेडल तथा प्रमाणपत्रसहित नगद रु १ लाख प्राप्त गर्यो। यसैगरि उपविजेता बनेको मामा भान्जा क्लबले शिल्ड, मेडल तथा प्रमाणपत्रसहित नगद रु ६० हजार पाएको क्लबका सचिव नवीन छन्त्यालले जानकारी दिए। उनका अनुसार महिलातर्फको विजेता एसियन सुजले नगद ४० हजार शिल्ड मेडल प्रमाणपत्र प्राप्त गऱ्यो।

**पुरुषतर्फ विजय र महिलातर्फ सरु सर्वोत्कृष्ट**

प्रतियोगितामा पुरुषतर्फ २० र महिलातर्फ १० टिमको सहभागिता थियो। प्रतियोगितामा पुरुषतर्फ एपिएफका विजय थापा सर्वोत्कृष्ट खेलाडीका रुपमा घोषित भए। यसैगरी उत्कृष्ट स्पाइकरका रुपमा मामा भान्जा क्लबका सञ्जु विक्रम शाह, उत्कृष्ट डिफेण्डरका रुपमा सोही टिमकै इश्वर गुरुङ र उत्कृष्ट सर्भरका रुपमा सोही टोलीकै राजेश कुँवर घोषित भए।

उत्कृष्ट सेटरका रुपमा एफिएफका मिलन राना, उत्कृष्ट ब्लकरमा सोही टिमकै सुनिल सुनार र उदीयमान खेलाडीका रुपमा एपिएफकै उमेश सेन्चुरी पुरस्कृत भए।

महिलातर्फ सर्वोत्कृष्ट खेलाडीका रुपमा एसियन सुज लामाचौरकी सरु नेपाली घोषित भइन्। उत्कृष्ट सेटरकी रुपमा सोही टिमकै निरु पुन, उत्कृष्ट डिफेण्डरकी रुपमा सोही क्लबकै लक्ष्मी राना र उदीयमान खेलाडीका रुपमा सस्मीता पुन घोषित भइन्।

यसैगरी अर्चलबोटकी मनिषा तिलिजा उत्कृष्ट स्पाइकर र सोही टिमकै डिमा पुन उत्कृष्ट सर्भरकी रुपमा घोषित भइन्।

प्रतियोगिताबाट संकलित रकममध्ये केही रकम ब्लड क्यान्सरबाट ग्रसित बिरामीलाई सहयोग गर्ने बताइएको छ। यसअघि सम्पन्न गरको पाँचौ संस्करणको प्रतियोगिताबाट संकलित रकममध्ये २ लाख रुपैया मृगौला पीडित सुरज गुरुङलाई सहयोग गरिएको थियो।

# म्याग्दीको एबिसी क्लब दाना आर्चरी च्याम्पियन

**सुन्दरकुमार थकाली**
जोमसोम, २७ भदौ

म्याग्दी अन्नपूर्ण ३ दानाको एबिसी क्लबले मुस्ताङमा आयोजित खुला आर्चरी प्रतियोगिता जितेको छ। धौलागिरी युवा क्लब कोवाङले आयोजना गरेको प्रतियोगितामा आयोजकलाई हराउँदै एबिसी विजयी भएको हो। आयोजक धौलागिरीलाई एबिसीले ८ स्कोरले हराएको हो।

म्याग्दी र मुस्ताङका ११ क्लबको सहभागिता रहेको प्रतियोगिता १५ डोरमा चलाइएको थियो। निर्धारित १५ डोरमा एबिसीले १ सय ४७ स्कोर बटुलेको थियो।

यस्तै, मिलिजुली युवा क्लब मार्फाले १ सय ३६ स्कोर बनाउँदै तेस्रो स्थान हात पाऱ्यो। खेलमा ५० खोल भएको थियो। आर्चरी खेल अन्तर्गत गोलाकार फ्रेममा प्रहार गर्नेलाई (खोल) भनिन्छ।

च्याम्पियन बनेको एबिसीले नगद ५० हजारसहित शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्र पायो। उपविजेता धौलागिरीले नगद ३० हजारसहित र तेस्रो स्थान हासिल गरेको मिलिजुली युवा क्लब मार्फाले नगद १० हजारसहित शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गऱ्यो।

प्रतियोगितामा धौलागिरी युवा क्लब कोवाङका बुद्धि बुढाथोकी सर्वोउत्कृष्ट खेलाडी घोषित भए। उनले नगद ३ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र हात पारे। प्रतियोगिताको समापन समारोहमा धौलागिरी युवा क्लब जापानका पूर्वअध्यक्ष अनिल भट्टचनलाई आयोजक धौलागिरीले सम्मान गरेको छ। यस्तै अन्नपूर्ण युवा क्लब ताक्लुङका आर्चरी खेलाडी बुद्ध शेरचनलाई विशेष सम्मान गरिएको छ।

# शाहीलाई पुरस्कार

पोखरा, २७ भदौ (समाधान)- यस वर्षको सहारा खेलकुद पत्रकारिता पुरस्कार नारायण शाहीलाई प्रदान गरिने भएको छ।



मोफसलकै प्रतिष्ठित क्लब सहारा क्लब पोखराले वर्षेनी प्रदान गर्दै आएको पुरस्कारका लागि प्रतिभा छनोट समितिले शाहीको नाम सिफारिस गरेकोमा क्लबको कार्यकारिणी समितिको बैठकले अनुमोदन गरेको हो। पुरस्कार २० हजार ५ सय ५५ रुपैयाँ, दोसल्ला र सम्मानपत्र रहेको छ।

काठमाडौंबाट २०५३ सालदेखि पत्रकारिता सुरु गरेका उनी करिब १५ वर्षदेखि पोखरालाई कार्यक्षेत्र बनाउँदै आएका छन्। जनसम्मत डटकमका सम्पादक उनी एभरेष्ट मिडिया हाउसमा समेत कार्यरत छन्।

सम्पत्ति विवरण समयमै बुझाऔं जरिवानावाट बचौं।

» सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं।
» आर्थिक बर्ष शुरु भएको वा सार्वजनिक पद धारण गरेको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेस गरौं।
» भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक बधाई



श्री गोकर्ण कार्की

यस सितलादेवी बहुउद्देश्यीय सहकारी संस्था लि.का उपाध्यक्ष श्री गोकर्ण कार्की ज्यू यही भदौ २४ र २५ गते सम्पन्न भएको ३४ औं महाधिवेशनबाट पोखरा उद्योग वाणिज्य संघको गरिमामय वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

तिर्थ लाल श्रेष्ठ
अध्यक्ष एवं
श्री सितलादेवी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
पोखरा-११, कास्की

हार्दिक बधाई





श्री पवनकुमार प्रजापति श्री उत्तममान बुद्धाचार्य श्री सुदीप प्रधानाङ्ग

पोखरा उद्योग वाणिज्य संघको ३४ औं महाधिवेशनबाट यस क्लबका शुभेच्छुक श्री पवनकुमार प्रजापति अध्यक्षमा तथा क्लबका पूर्वअध्यक्ष श्री उत्तममान बुद्धाचार्य उपाध्यक्ष (वाणिज्य) एवं सचिव श्री सुदीप प्रधानाङ्ग कार्यसमिति सदस्य पदमा निर्वाचित हुनुभएकोमा हामी गौरवन्वित भएका छौं।
हामी उहाँहरु लगायत विजेता सम्पूर्ण पदाधिकारी तथा कार्यसमितिका सदस्यज्यूहरुप्रति हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

लायन कैलाश पालिखे
अध्यक्ष एवं
लायन्स क्लब अफ पोखरा लेकसिटी परिवार

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com